## Ⅲ-2 बशाईसराई र देश फिर्ति

### 1. पहिले बसोबास गरिराखेको ठाउँमा गर्नुपर्ने प्रक्रिया

यदि यो भाडाको घर हो भने, तपाईंले अहिले सम्म प्रयोग गरेको पानी, ग्यास र बिजुलीको सम्पूर्ण बिल तिर्नुपर्ने हुन्छ। घर सर्नु भन्दा अगि पानी, ग्यास र बिजुलीको कार्यलयलाई आफु सर्ने मिति भन्नुहोस र आफुले भुक्तान गर्न पर्ने रकम को बिल पठाउन लगाउनुहोस ।हुलाक मा गएर आफु घर सर्दै गरको कुरा बताउनुहोस अनि पुरानो ठेगाना मा आउने चिठी आदि आफुनो नया ठेगाना मा जाने गरि, "टेनको तोदोके" भन्ने निबेदन दिनुहोस। यो "टेनको तोदोके" बुझाउनुभयो भने, चिठी आदि नयाँ ठेगानामा एक वर्षको लागि निःशुल्क पठाइनेछ।

यदि तपाई आहिले को घर भएको नगरपालिका या गाऊपालिका भित्रनै सर्दै हुनुहुन्छ भने आफु बस्ने नगरपालिका या गाऊपालिका मा गएर "टेनको तोदोके" भन्ने निबेदन दिनुहोस। यदि अहिलेको घर भन्दा फरक नगरपालिका या प्रान्त मा सर्दै हुनुहुन्छ भने "टेनस्युचु तोदोके" भन्ने निबेदन दिनुहोस अनि नगरपालिकाले "तेनस्युचु प्रमाण पत्र" जारि गर्नेछ जुन तपाई बसाई सर्ने नया प्रान्तको कार्येलय मा पेस गर्नु पर्नेछ। थप रूपमा बिमा कार्ड फिर्ता को लागि "सोशिट्सु तोदोके" भन्ने निबेदन राष्ट्रिय स्वास्थ्य बीमा कार्येलयमा दिई, आफुनो बिमा कार्ड फिर्ता दिनुहोस।

### 2. यदि तपाईं नयाँ ठाउँमा जानुभयो भने

ग्यास जोड्न को लागि ग्यास कम्पनी बाट ग्यास जोड्ने मानिस पठाइने छ। उहालाई आफ्नो घर मा भेटि ग्यास जोद्नुहोस। बिजुली समान्यतया घर भित्र रहेको बेरेकर उठाउनु भयो भने प्रयोग गर्न मिल्न्ने हुन्छ। यदि सक्नु भएन भने बिजुली कम्पनी मा संपर्क गरि बिजुली जोड्ने मानिस पठाउन अनुरोध गर्नुहोस। पानी आपूर्ति भाडाको आवासमा निर्भर गर्दछ, त्यसैले कृपया घरमालिकलाई सोध्नुहोस्।
नया सरेको नगरपालिका कार्यलय मा बसाई सरेको निबेदन १४ दिन भित्र बुझाउनुहोस दिनुहोस। तेसपछि बिमा कार्यलयमा गई, बिमा कार्ड बनाउनुहोस। यदि तपाईंसँग ड्राइभर इजाजतपत्र छ भने, पुलिस स्टेशनमा तपाईंको ठेगाना परिवर्तन गर्नुहोस्।

### 3. जब तपाईं स्वदेश फर्कनुहुन्छ

① घर मालिकलाई आफु देश फिर्ता हुने दिन बताई, घर भाडाको हिसाब मिलाऊनुहोस। बिजुली, पानी, ग्यास, फोन कम्पनी लाई खबर गरि सो को जानाकारी दिनुहोस अनि आफुले तिर्नु पर्ने बिल तिर्नुहोस।

② यदि तपाईं बर्षको बीचमा घर फर्कनुहुन्छ भने तपाईंले करहरू पनि तिर्नु पर्नेछ। कृपया नगरपालिका कार्यालयमा निवास करको पूर्ण रकम तिर्नुहोस्। स्थानीय करहरू गत बर्षको आम्दानीको आधारमा गणना गरिन्छ, यदि तपाईं यस बर्ष जापानमा बस्नुहुन्न भने पनि पहिलेको वर्षको कर तिर्नु पर्ने हुन्छ। त्यसैले तपाईं पूर्ण रकम तिर्न आवश्यक छ।

③ आय करको लागि, तपाइँ अन्तिम कर फिर्ताको समयमा ट्याक्स भुक्तानी व्यवस्थापक सेट गरेर、कर कार्यालयमा पठाई कर फिर्ती प्राप्त गर्न सक्नुहुनेछ। वैकल्पिक रूपमा, तपाईं एक अस्थायी कर रिटर्न फाइल गर्न सक्नुहुनेछ र जापान छोड्नु अघि त्यस वर्षको लागि अविजित आय करको पूर्ण रकम मिलाउन सक्नुहुन्छ।

④ कृपया नगरपालिका कार्यालयमा विदेशमा स्थानान्तरण सूचित गर्नुहोस्।

⑤ जापान फर्किनु अघि राष्ट्रिय स्वास्थ्य बीमा नगरपालिका कार्यालयको बीमाबाट निस्कनुहोस।

⑥ यदि तपाइँसँग निवृत्तिभरण छ भने, तपाइँ घर फर्के पछि एकमुश्त रकम फिर्ता भुक्तान अनुरोध गर्न सक्नुहुन्छ। कृपया पेन्सन कार्यालय वा तपाइँको रोजगारदाताबाट तपाइँको आवेदन प्राप्त गर्नुहोस्।

⑦ कृपया तपाईंको निवास कार्ड देश प्रस्थान हुनु अगि अध्यागमन अधिकारीलाई दिनुहोस्।